**मितिः २०७८ श्रावण ११**

**माननीय मन्त्रीज्यू,**
**आन्तरिक मामिला तथा कानून मन्त्रालय**
**लुम्बिनी प्रदेश, मुकामः वुटवल ।**

*विषयः* ***"सञ्चार माध्यम विधेयक, २०७७" लाई फिर्ता लिएर सरोकारवालाहरुसँग परामर्श र छलफलको आधारमा विधेयकको यथोचित रुपमा तर्जुमा गरी प्रदेश सभामा प्रस्तुत गर्नुपर्ने माग गर्दै टिप्पणी तथा सुझाव प्रस्तुत गरिएको बारे ।***

माननीय मन्त्रीज्यू,

लुम्बिनी प्रदेश सरकारले २०७७ जेठ २७ गते *'सञ्चार माध्यम सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक'* प्रदेश सभा सचिवालयमा दर्ता गरेको बारे हामीलाई प्रदेश सरकारको आधिकारीक वेवसाईटबाट जानकारी प्राप्त हुन आयो । उक्त विधेयकका अधिकांश प्रावधानहरु प्रेस स्वतन्त्रता लगायत नागरिक स्वतन्त्रताको दृष्टिबाट व्यापक सार्वजनिक चाँसो र सरोकारको विषय बनेका छन।

सञ्चारकर्मिहरुको छाता संगठन संघीय पत्रकार महासंघ तथा प्रदेश पत्रकार महासंघ लुम्बिनी प्रदेश लगायतका संस्थाहरुले विधेयकका प्रावधानहरुप्रति आपत्ति जनाउँदै विधेयकलाई फिर्तालिई प्रेस स्वतन्त्रताका मान्यताअनुकुल हुनेगरी परिमार्जित विधेयक दर्ता गर्न आव्हान गर्दै आएको देखिन्छ ।

नेपालको संविधान (२०७२) ले सञ्चार तथा प्रेस स्वतन्त्रतालाई महत्वपूर्ण स्थान दिएको तथ्य विदितै छ । संविधानको प्रस्तावनामा नै "नागरिक स्वतन्त्रता", "मानव अधिकार", र "पूर्ण प्रेस स्वतन्त्रता" लाई संविधानकै आधारभूत सिद्धान्तको रुपमा मान्यता दिईएको छ । संविधानको धारा १७ (क) मा विचार तथा अभिव्यक्तिको स्वतन्त्रता, धारा १९(१) मा अपवाद वाहेक प्रेसमाथि पूर्व प्रतिबन्ध नलगाइने, धारा १९ (२) मा नियमन गर्ने बाहेक सञ्चार माध्यम बन्द, जफत, दर्ता खारेज वा त्यस्तो सामाग्री जफत नगरिने तथा धारा १९(३)मा कानुन बमोजिम बाहेक सञ्चार साधनलाई अवरुद्ध नगरिने प्रत्याभूति दिईएको छ । धारा २७ मा सूचनाको हक संरक्षित छ । उपरोक्त हकहरु उल्लंघन हुन गएमा धारा ४६ ले संवैधानिक उपचारको हक प्रत्याभूत गरेको छ । मौलिक हक अन्तर्गतका प्रत्याभूतिको सर्वसामान्यतामा प्रतिकुल असर नपारी धारा ५१(ख)(५)ले आम सञ्चारलाई स्वच्छ, स्वस्थ, निष्पक्ष, मर्यादित, जिम्मेवार र व्यावसायिक बनाउन आवश्यक व्यवस्था गर्ने लगायतको व्यवस्था गरेको छ ।

संघीय प्रणालीअन्तर्गत प्रदेश कानुन निर्माणका संवैधानिक सीमालाई सम्मान गर्नुपर्ने हुन्छ । यसका लागि संविधानका केही व्यवस्थाहरुको परिपालना महत्वपूर्ण हुन्छ । धारा ५६(६) ले मानवअधिकार तथा मौलिक हक समेतको संरक्षण गर्ने दायित्व तीनै तहलाई सुम्पेको छ । धारा ५७(६) मा प्रदेश र स्थानीय तहले कानुन बनाउँदा संघीय कानुनसंग नवाझिने गरी बनाउनुपर्ने र वाझिएको हदसम्म त्यस्तो कानून अमान्य हुने व्यवस्था छ । धारा २३१(१) मा संघीय कानुन नेपाल भर वा आवश्यकता अनुसार नेपालको कुनै क्षेत्रमा लागु हुने गरी बनाउन सकिने व्यवस्था छ । साथै धारा २३२(१)मा तीन तह बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने स्पष्ट व्यवस्था गरिएको छ ।

संविधानले दुरसञ्चार, रेडियो फ्रिक्वेन्सीको बाँडफाँड, रेडियो, टेलिभिजनलाई संघको अधिकारको सुचि (अनुसूची ५) मा राखेको छ । रेडियो, एफ.एम. टलिभिजन सञ्चालनलाई प्रदेशको अधिकारको सुचिमा (अनुसूची ६) राखेको छ । सञ्चार माध्यम सम्बन्धी विषयलाई संघ र प्रदेशको साझा अधिकारको सुचि (अनुसूची ७) मा तथा एफ. एम. सञ्चालनलाई स्थानिय तहको अधिकारको सुचि (अनुसूची ८) मा समेटेको देखिन्छ । यसबाट आम सञ्चार कुनै तहको निरपेक्ष अधिकारको विषय नबनाईएको र यो परिपुरकताको विषयको रुपमा रहेको छ ।

उक्त संवैधानिक प्रबन्धलाई दृष्टिगत गर्दै न्याय तथा अधिकार संस्था नेपाल (जुरी-नेपाल), ललितपुर जागरण मिडिया सेन्टर, काठमाडौं र सिद्धार्थ सामाजिक विकास केन्द्र, कपिलवस्तुको संयोजनमा मिति २०७८ असार, ११ (तद्नुरुप जुन २५, २०२१) गते विधेयकको सम्बन्धमा सरोकारवालाहरुको धारणा बुझ्न र छलफल तथा परामर्शका लागि "सञ्चार माध्यम विधेयक, २०७७ : सूचनाको हक र नागरिक स्वतन्त्रतामा पर्नसक्ने प्रभाव" विषयक अन्तरक्रियात्मक कार्यक्रम आयोजना गरिएको थियो । उक्त कार्यक्रममा संघ तथा लुम्बिनी प्रदेशमा क्रियाशील नागरिक सञ्जाल, महासंघ, संघ संस्था, सञ्चारकर्मी र अधिकारकर्मीहरु समेत गरी ८८ जनाको सहभागिता रहेको थियो ।

उक्त कार्यक्रमका अधिकांश सहभागिहरुवाट विधेयकको उद्देश्य र औचित्य प्रष्ट नभएको, विधेयक निर्माण प्रकृयामा सरोकारवालासँग परामर्श गर्ने र सहभागि गराउने काम नगरिएको, संघीय कानुनको सर्वसामान्यतालाई ध्यान नदिइएको, प्रेस स्वतन्त्रता तथा नागरिक स्वतन्त्रतामा गैर-संवैधानिक रुपले अंकुश लगाउन खोजिएको, संघीय कानुनले नै कतिपय अपराधिक कार्यहरुलाई परिभाषित गरी दण्डात्मक व्यवस्था गरेको अबस्थामा फौजदारी दण्डको दोहोरो प्रणाली सृजना गर्ने व्यबस्था राखिएको, प्रेस स्वतन्त्रताका मान्यता विपरित प्रेस काउन्सिललाई सरकारको अधिनस्थ राख्नेगरी व्यवस्था गरिएको लगायतका गम्भिर चाँसो र सरोकारहरु व्यक्त भएका थिए । सरोकारवालाहरुका उक्त चासो, सरोकार तथा विज्ञसमेतको विश्लेषणका आधारमा विधेयक उपर निम्न टिप्पणि तथा सुझावहरु प्रस्तुत गरेका छौंः-

१) विधेयक निर्माण गर्दा व्यापक रुपमा सञ्चार क्षेत्र, नागरिक समाज, राष्ट्रिय मानवअधिकार आयोग लगायतका सरोकारवाला निकायसंग छलफल र परामर्श गर्नुपर्नेमा सो हुन सकेको देखिएन । साथै पत्रकार महासंघ लगायतका सरोकारवालाहरुले अग्रसक्रिय रुपमा दिएका सुझावसमेतलाई वेवास्ता गरी दर्ता गरिएको विधयेकले प्रथम दृष्टिमा नै वैधता गुमाएको अबस्था छ । तसर्थ विधेयकलाई परामर्शयूक्त प्रकृया अबलम्वन गरि सच्याईनु पर्दछ ।

२) मानवअधिकारसँग प्रत्यक्ष सरोकार राख्ने सञ्चार माध्यम सम्बन्धी संघीय कानुनको नेपाल भरी सर्वव्यापकता रहन्छ । संघीय कानुनसँग बाझिने गरी वा संघीय कानुनमा अपवाद सृजना गर्ने गरी प्रदेश कानुन बन्न सक्दैन । विधेयकको दफा २(ठ) मा प्रदेशमा तत्काल लागु रहेको कानुन हुँदासम्म सोही कानुन प्रचलित कानुन मानिने र नभएमा मात्रै संघीय कानुनलाई प्रचलित कानुन मानिने व्यवस्था गरेर प्रदेश कानुनले संघीय कानुनलाई निष्प्रभावी बनाउने गरी व्यवस्था गरेको देखिन्छ । तसर्थ संघीय कानुनको सर्वमान्यतामा आँच आउने गरी गरिएका व्यवस्थाले संवैधानिक सीमालाई समेत संकुचन गरेको छ ।

३) सञ्चार माध्यम सम्बन्धी विषय मौलिक हकसँग गाँसिएको विषय भएकाले यसका मानक प्राथमिक रुपमा संघीय कानुनमा निर्धारण गरिनु पर्दछ । संघीय कानुनलाई विस्थापन वा

प्रतिस्थापन होईन कि त्यस्तो कानुनसँग परिपुरक हुनेगरी मात्रै प्रदेश र स्थानिय तहको कानुन बन्नु जरुरी हुन्छ । तथापी विधेयकको सन्दर्भमा त्यस मान्यताको पालना भएको देखिंदैन ।

४) फौजदारी कसुरजन्य कुराहरु राष्ट्रिय प्रसारण ऐन लगायतका संघीय कानुनमा नै प्रवन्ध गरिएको र त्यसअन्तर्गतका दण्डात्मक व्यवस्था नेपाल भर समानरुपले लागु हुन्पर्ने हुन्छ । केवल नियमन र सञ्चालनलाई व्यवस्थित गर्न जरिवानाको व्यवस्थासम्म प्रदेश कानुनमार्फत गर्न सकिनेमा फौजदारी कानुनको अलग्गै पद्दत्ती सृजना गर्नेगरी व्यवस्था हुनु वान्छनिय हुँदैन ।

५) एक वर्षसम्म कैद सजाय गर्ने अधिकार प्रशासनिक निकायवाट हुन सक्ने संवैधानिक प्रवन्ध (संविधानको धारा १५२(२)) अपवादात्मक व्यवस्था हो । अपवादको रुपमा त्यस्तो न्यायिक अधिकारको अभ्यास गर्नसक्ने गरी संघीय कानुनमा मात्रै तोक्न सकिने कुरा संविधानको धारा १५२(१) को अध्ययनबाट प्रष्ट हुन्छ । पूर्ण प्रेस स्वतन्त्रता प्रत्याभूतिको कसीमा राष्ट्रिय प्रशारण ऐन लगायतका संघीय कानुन समेत संशोधन गरेर न्यायिक निकाय वा अदालतको क्षेत्राधिकारमा ल्याउनुपर्ने अवस्थामा उल्टो प्रशासनिक अधिकारीले एक वर्षसम्म कैद सजाय तोक्न सक्नेगरी प्रदेश कानुनमा व्यवस्था गर्नु संविधानसम्मत हुन सक्दैन ।

६) संघीय प्रेस काउन्सिल अस्तित्वमा रहेको सन्दर्भमा यस प्रकृतिको काउन्सिलको प्रदेश तहमा सान्दर्भिकता र औचित्यता छ वा छैन, आवश्यक छ भने त्यसको कार्यादेशको वारेमा सरोकारवालाहरुसँग व्यापक छलफल भएर मात्रै कानुनी प्रवन्ध गर्ने सोंच बनाउनुपर्नेमा त्यसो नगरी यस किसिमको संयन्त्र सृजना गर्न खोजेको देखिन्छ । प्रदेश तहमा मिडिया काउन्सिलको औचित्यता पुष्टि हुने अवस्थामा पनि त्यस्तो काउन्सिल स्वतन्त्र प्रेस तथा सञ्चार क्षेत्रका मान्यताहरुलाई आत्मसात गर्दै सरकारवाट स्वतन्त्र र निष्पक्ष रहने किसिमले गठन र सञ्चालनको व्यवस्था गरिनु वान्छनिय हुन्छ । विधेयकका व्यवस्थाले प्रदेश सरकारले नियन्त्रित काउन्सिलको परिकल्पना गरेको देखिन्छ, जुन औचित्यपूर्ण छैन ।

७) नेपाल भरका श्रमजिवी पत्रकारलाई लागु हुने संघीय श्रमजिवी पत्रकार ऐन विद्यमान रहेको सन्दर्भमा प्रदेश सरकारको जिम्मेवारी र दायित्वलाई समेटेर त्यसै ऐनलाई संशोधन गर्नु नै वान्छनिय हुन्छ । अलग्गै ऐनको आवश्यकता देखिंदैन ।

८) विधेयकको दफा ३ मा रेडियो एफ.एम, टेलिभिजन समेत सञ्चालनको व्यवस्था गरिएको छ । सोही प्रकृतिका प्रावधान संघीय कानुनमा पनि रहेको सन्दर्भमा दोहोरोपनको औचित्यताको बारेमा विचार गर्नुपर्ने दखिन्छ । संघीय कानुनसँग परिपुरक हुनेगरी मात्रै प्रदेश कानुनमा प्रवन्ध गर्न वान्छनिय हुनेछ ।

९) विधेयकको दफा ४(२) मा नेपाल सरकार वा अन्य प्रदेशबाट इजाजतप्राप्त सञ्चारमाध्यम प्रदेशमा समेत रिले स्टेसन राखी सञ्चालन गर्नुपर्ने भएमा छुट्टै इजाजतपत्र लिनुपर्ने प्रावधानले दोहोरो इजाजतको झण्झटका साथै ईजाजतको हतियारको दुरुपयोग गरेर अन्य स्थानमा सञ्चालित सञ्चार माध्यमलाई लुम्बिनी प्रदेशमा रोक लगाउन सक्ने र नागरिक स्वतन्त्रता उपभोगमा गम्भिर असर पर्न सक्ने देखिन्छ । तसर्थ यस्तो व्यवस्था हटाईनु पर्दछ ।

१०) संविधान र संघीय कानुनले नै सञ्चार माध्यमको सीमा बन्देज तोकेको अबस्थामा विधेयकको दफा १० मा कार्यक्रम उत्पादन गर्दा प्राथमिकता दिनुपर्ने भनि देहायका (क) देखि (त) सम्म तोकिएका निर्देशात्मक कुराहरुले प्रेस स्वतन्त्रता तथा खुला र लोकतान्त्रिक समाजका मान्यतामा आँच आउछ ।

११) फ्रिक्वेन्सी बाँडफाँडको व्यवस्था संघीय कानून अन्तर्गत नै व्यवस्था गर्नुपर्ने प्रकृतिको भएको सन्दर्भमा दफा १६ ले गरेको व्यवस्था सान्दर्भिक देखिँदैन । यसले स्वेच्छाचारिता बढाउन सक्ने भएकाले पुनर्विचार हुनु जरुरी देखिन्छ ।

१२) संवैधानिक प्रत्याभूति बर्खिलाप हुनेगरी विधेयकको दफा १९ मा पत्रपत्रिकाका दर्ता खारेजीको व्यवस्था गरिएको देखिन्छ । यस व्यवस्थालाई हटाईनु वान्छनिय हुन्छ ।

१३) विधेयकको दफा २६(४) ले दर्ता र दफा २९ मा नविकरण नगरी अनलाइन सञ्चार माध्यम सञ्चालन गर्न नपाइने व्यवस्था गरेको देखिन्छ । अनलाइन सञ्चार माध्यमको विश्वव्यापकता हुने, फ्रिक्वेन्सी प्रयोग नगर्ने, स्वतन्त्र रुपमा कुनै पनि नागरिकले सञ्चालन गर्नसक्ने भिन्न विशेषतायूक्त रहेको र यस्तो वाध्यात्मक व्यवस्था संघीय कानुनमा समेत नभएको सन्दर्भमा यसले नागरिक स्पेशलाई नियन्त्रण गर्ने गरी दुरुपयोगयोग्य देखिन्छ । त्यसैले बिज्ञापन प्रकाशन तथा प्रशारण गर्ने वा व्यापारिक प्रयोजन भएका अनलाइन बाहेकका अन्य अनलाइन सञ्चार माध्यमलाई नियन्त्रण गर्ने गरी दर्ता तथा नविकरणको प्रावधानलाई हटाइनु उपयुक्त हुने ।

१४) विधेयकको दफा ३५ मा अनलाइन समाचार माध्यममा प्रकाशित प्रसारित समाचारले कसैलाई मर्का पर्ने विषयलाई परिषदको दायरा भित्र ल्याउनु उपयूक्त हुनेमा सञ्चार रजिष्ट्रारको अधिकारक्षेत्र भित्र पार्नु उपयूक्त देखिंदैन ।

१५) विधेयकको दफा ३५ को उपदफा २ मा यस ऐन बमोजिम इजाजतपत्र वा दर्ता खारेजी गर्नसक्ने गरी गरिएको व्यवस्था दुरुपयोगयोग्य छ । यो संविधान र संघीय कानुनको कसीमा पुनरावलोकन हुनुपर्ने देखिन्छ ।

१६) विधेयकको दफा ४५ मा कुनै सूचना निश्चित समयको लागि प्रकाशन, प्रसारण गर्न नपाउने गरी रोक लगाउन सक्ने गरी गरिएको व्यवस्था पूर्व प्रतिबन्ध विरुद्धको संवैधानिक प्रत्याभूतिको खिलापमा छ । यसलाई हटाईनु पर्दछ ।

१७) कसूर तथा सजाय सम्बन्धमा विधेकयको परिच्छेद ८ मा गरिएका व्यवस्थाहरुको संविधान र संघीय कानुनको कसीमा पुनरावलोकन गर्न जरुरी छ । संघीय कानुले नै कसुर तथा सजाय एवं न्याय निरुपण गर्ने निकायको व्यवस्था गरेको तथा गर्नसक्ने भएकाले प्रदेश कानुनमा अपवादात्मक रुपमा जरिवानाको सम्म व्यवस्थ राख्नु वान्छनिय हुने देखिन्छ ।

अन्तमा, संवैधानिक सिमा बन्देजलाई उल्लंघन गर्नेगरी विधेयकको तर्जुमा भएको देखिएकाले प्रदेश सरकारले विधेयकलाई ऐनको रुप दिन हतार गर्नु हुँदैन भन्ने धारणा रहेको छ । विधेयकलाई प्रदेश सरकारले फिर्ता लिएर सरोकारवालाहरुसँग व्यापक परामर्श र छलफल गरी संघीयता, मानवअधिकार र नागरिक स्वतन्त्रताका मान्यता तथा व्यवहारिक औचित्यताको आधारमा परिमार्जन तथा संशोधन गरिनु जरुरी रहेको तर्फ ध्यानाकर्षण गराउँदछौं । साथै सरोकारवालाहरुले विधेयक उपर स्वामित्व ग्रहण गर्ने स्थिति सृजना गरेर मात्रै प्रदेश सभामा विधेयक प्रस्तुत गर्न लोकतन्त्र, प्रेस स्वतन्त्रता र मानव अधिकारको क्षेत्रमा क्रियाशील, नागरिक सञ्जाल, महासंघ तथा संघ संस्थाको तर्फबाट जोडदार माग गर्दछौं ।

## टिप्पणी तथा सुझाव पेश गर्ने नागरिक सञ्जाल, महासंघ तथा नागरिक संघसस्थाहरु :

## नागरिक संघ संस्थाका सञ्जाल तथा महासंघहरु

| क्र.सं | संस्थाको नाम (नेपाली नामको वर्णानुक्रमानुसार) | पदाधिकारीको नाम तथा पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार राष्ट्रिय सञ्जाल, ललितपुर (सचिवालय: जुरी-नेपाल) | अधिवक्ता पंकजकुमार कर्ण संयोजक तथा अध्यक्ष, जुरी-नेपाल |  |
| २. | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार, लुम्बिनी प्रदेश सञ्जाल, कपिलवस्तु, (सचिवालय: सिद्धार्थ सामाजिक विकास केन्द्र) | तेजप्रसाद आचार्य, संयोजक तथा अध्यक्ष, सिदार्थ सामाजिक विकास केन्द्र |  |
| ३. | गैरसरकारी संस्था महासंघ, काठमाडौं | जितराम लामा, अध्यक्ष |  |
| ४. | गैरसरकारी संस्था महासंघ, लुम्बिनी प्रदेश | गोविन्द प्रसाद रेग्मी, प्रदेश अध्यक्ष | |
| ५. | दलित गैरसरकारी सस्था महासंघ, काठमाडौ | अधिवक्ता भक्त विश्वकर्मा, कार्यवाहक अध्यक्ष |  |
| ६. | नेपाल पत्रकार महासंघ, लुम्बिनी प्रदेश, बुटवल | विक्रम खडका, महासचिव, लुम्बिनी प्रदेश | |
| ७. | मधेशी दलित गैसस महासंघ | नरेन्द्र पासवान, अध्यक्ष |  |
| ८. | मानव अधिकार एलाइन्स, काठमाडौं | बिदुर सुवेदी, उपाध्यक्ष |  |
| ९. | राष्ट्रिय अपाङ्ग महासंघ नेपाल | मित्रलाल शर्मा, राष्ट्रिय अध्यक्ष |  |

## मानव अधिकारको क्षेत्रमा क्रियाशिल नागरिक संघ संस्थाहरु

| क्र.सं | संस्थाको नाम (नेपाली नामको वर्णानुक्रमानुसार) | पदाधिकारीको नाम तथा पद | हस्ताक्षर |
|---|---|---|---|
| १०. | आइ.जी.डि (Institute for Governance and Development-IGD), काठमाडौं | डा. मुक्ति रिजाल, कार्यकारी निर्देशक |  |
| ११. | इको हिमाल नेपाल, काठमाडौं | नारायण ढकाल, कार्यकारी निर्देशक |  |

| क्र.सं | संस्थाको नाम (नेपाली नामको वर्णानुक्रमानुसार) | पदाधिकारीको नाम तथा पद | हस्ताक्षर |
|---|---|---|---|
| १२. | एडवान, काठमाडौं | पम्फा परियार गुरुङ, अध्यक्ष | |
| १३. | एम्नेष्टि इन्टरनेशनल, नेपाल, काठमाडौं | निराजन थपलिया, निर्देशक | |
| १४. | इन्द्रेणी ग्रामिण विकास केन्द, कपिलवस्तु | प्रदिप शाह, कार्यकारी निर्देशक | |
| १५. | कर्णाली एकीकृत ग्रामिण विकास तथा अनुसन्धान केन्द्र (किर्डाक) | गोविन्द बहादुर शाही, कार्यकारी निर्देशक | |
| १६. | गो गो फाउण्डेशन, काठमाडौं | केदार खडका, संस्थापक अध्यक्ष तथा कार्यकारी निर्देशक | |
| १७. | जागरण मिडिया सेन्टर, काठमाडौं | रेम विश्वकर्मा, कार्यकारी निर्देशक | |
| १८. | डिग्नीटी इनिसियटिभ | रुप सुनार, कार्यकारी प्रमुख | |
| १९. | दलित युथ एलायन्स, काठमाडौं | सुन्दर बहादुर सेनी, अध्यक्ष | |
| २०. | दिगो विकासको लागि राष्ट्रिय अभियान नेपाल | दयासागर श्रेष्ठ, अध्यक्ष | |
| २१. | न्याय तथा अधिकार संस्था- नेपाल (जुरी -नेपाल), ललितपुर | अधिवक्ता मोहनलाल आचार्य, कार्यकारी निर्देशक | |
| २२. | निल हिरा समाज नेपाल, काठमाण्डौ | मनिषा ढकाल, कार्यकारी निर्देशक | |
| २३. | नेपाल विकास अभियान Nepal Development Initiative- NEDI), काठमाडौं | अर्जुन भट्टराई, राष्ट्रिय संयोजक | |
| २४. | नेपाल मुस्लिम महिला कल्याण समाज | सिमा खान, अध्यक्ष | |
| २५. | फियान नेपाल, काठमाडौं | अशोक सिंह, कार्यकारी निर्देशक | |
| २६. | बियोण्ड बेइजिङ कमिटी, काठमाडौं | सुशिला श्रेष्ठ, अध्यक्ष | |
| २७. | महिला पूर्नस्थापना केन्द्र (ओरेक), ललितपुर | लुभराज न्यौपाने, कार्यकारी निर्देशक | |

| क्र.सं | संस्थाको नाम (नेपाली नामको वर्णानुक्रमानुसार) | पदाधिकारीको नाम तथा पद | हस्ताक्षर |
|---|---|---|---|
| २८. | मुक्त कमलरी विकास मञ्च, दाङ | शान्ति चौधरी<br>अध्यक्ष | |
| २९. | मेड नेपाल, चितवन | मिनराज भण्डारी,<br>कार्यकारी निर्देशक | |
| ३०. | राष्ट्रिय आदिवासी जनजाति महिला मञ्च, (NIWF) काठमाडौं | श्री सुनी लामा,<br>अध्यक्ष | |
| ३१. | सबैका लागि न्याय, काठमाडौं | अधिवक्ता शर्मिला श्रेष्ठ,<br>कार्यकारी निर्देशक | |
| ३२. | समाजमा वातावरणीय शिक्षाको विकास (सिड), दाङ | भागीराम चौधरी,<br>कार्यकारी निर्देशक | |
| ३३. | सिद्दार्थ सामाजिक विकास केन्द्र, कपिलवस्तु | पोमनारायण पौडेल,<br>सल्लाहकार | |
| ३४. | सोसाइटी फर एक्सन नेपाल (स्वान), लमही, दाङ | कृष्ण चौधरी, अध्यक्ष | |
| ३५. | होप हर्मिटेज नेपाल, काठमाडौं | प्रमिला बज्राचार्य थापा, अध्यक्ष | Hope Hermitage NEPAL |

**बोधार्थ तथा कायार्थ :**

माननीय मुख्य मन्त्रीज्यू, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, लुम्बिनी प्रदेश मुकामः बुटवल

माननीय सभामुखज्यू, प्रदेश सभा, लुम्बिनी प्रदेश, मुकामः बुटवल

**बोधार्थ :**

माननीय मन्त्रीज्यू, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरवार, काठमाडौं

माननीय मन्त्रीज्यू, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरवार, काठमाडौं

माननीय अध्यक्षज्यू, राष्ट्रिय मानवअधिकार आयोग, हरिहरभवन, ललितपुर